संयुक्त राज्य अमेरिकाको दूतावास

स्वतन्त्रताका आधारहरु

# स्वतन्त्रता घोषणापत्रको प्रस्तावना

अदिवेशण, जुलाई ४, १९७६



IN CONGRESS, JULY 4, 1776.

A DECLARATION

BY THE REPRESENTATIVES OF THE

UNITED STATES OF AMERICA,

IN GENERAL CONGRESS ASSEMBLED.

WHEN in the Courſe of human Events, it becomes neceſſary for one People to diſſolve the Political Bands which have connected them with another, and to aſſume among the Powers of the Earth, the ſeparate and equal Station to which the Laws of Nature and of Nature's God entitle them, a decent Reſpect to the Opinions of Mankind requires that they ſhould declare the cauſes which impel them to the Separation.

अमेरिकी स्वतन्त्रता घोषणापत्रको दुर्लभ पहिलो प्रकाशन माथि चित्रीत छ। यसको सक्कली हस्थलिखीत आलेख वाशिङ्टनस्थित राष्ट्रीय अभिलेखालयको स्थायि अवलोकनकक्षमा प्रदर्तशीत छ। *एपि चित्र*

## अमेरिकाका १३ राज्यको सर्वसम्मत घोषणापत्र

मानव धटनाक्रमको विकासमा कुनैबेला एउटा यस्तो अपरिहार्यता उत्पन्न हुन्छ जतिबेला एक निश्चित जनसमुहले अर्कोसंगको नाता-सम्बन्धहरुबाट आफुलाई मुक्त बनाउँदै प्राकृतिक एवं दैविक नियमअनुसार प्राप्त अधिकारको आधारमा विश्वका सार्वभौम शक्तिहरुमाझ आफ्नो विशिष्ट एवं समान स्थान ग्रहण गर्न आवश्यक हुन आउँछ र त्यतिबेला उसले मानव विश्वमतको सम्मान गर्दै आफ्नो स्वतन्त्र अस्तित्व घोषणा गर्नु पछाडीका वाध्यात्कम कारणहरु सार्वजनिक गर्नुपर्दछ।

यी सत्यहरु स्वतसिद्ध छन् भन्ने हाम्रो विश्वास हो। मानिसहरु सृष्टिदेखी नै समान हुन्, र उनीहरु परमेश्वरबाट प्राप्त केही नैसर्गीक अधिकारले सुसम्पन्न छन्, जसमध्ये पर्दछन् जीवन, वयक्तिक स्वतन्त्रता र सुख-खोजको अधिकार। यी अधिकारको सुरक्षा गर्नको लागि नै मानव समाजमा राज्यको व्यवस्था गरिएको हो र सो राज्यको न्यायोचित शासकीय शक्तिको स्रोत भनेकै शासित जनताको समर्थन हो। जतिबेला कुनैपनि सरकार (राज्यसत्ताले) यी अधिकारहरु विस्थापित गर्न थाल्दछ, त्यतिबेला त्यस्तो राज्यसत्तालाई हटाएर वा त्यसको ठाउँमा सुरक्षा र अमनचयन कायम गर्नसक्ने विश्वासको भरमा सबैभन्दा उपयुक्त सिद्धान्त तथा शक्ति समायोजनको आधारमा एउटा नयाँ राज्यसत्ताको पुन:स्थापना गर्न जनताको पूर्ण अधिकार रहनेछ।

स्वतन्त्रता घोषणापत्रको पहिलो मसौदा टमस जेफर्सनले तयार पारेका हुन। *एपि चित्र*



संयुक्त राज्य अमेरिकी विदेश मन्त्रालय
अन्तर्राष्ट्रिय सूचना कार्यक्रम विभाग